# कटारी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
# कटारी,उदयपुर

## आन्तरिक आय सम्बन्धि शिलबन्दी दरभाउपत्र आह्वानको सूचना ।

**प्रथम पटक प्रकाशित मिति .२०८१/०७/०६**

स्थानीय सरकार सञ्चालन ऐन २०७४, दफा ६१ र ६४ बमोजिम नगरपालिका क्षेत्राधिकार भित्र आ.व. २०८१/०८२ का लागि जडीवुटी, कवाडी र जीवजन्तु कर तथा विज्ञापन कर संकलन गर्नुपर्ने भएकोले कटारी नगरपालिकाको आर्थिक ऐन २०८१ मा उल्लेखित दरका आधारमा कर संकलन गर्न ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ईच्छुक फर्म वा कम्पनीहरुबाट आफ्नो फर्मको नविकरण भएको प्रमाणपत्र, मुल्यअभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०८०/८१ को कर चुक्ता प्रमाणपत्र र कालो सूचीमा नपरेको स्वःघोषण पत्रको प्रतिलिपिहरु सहित रितपूर्वकको सिलबन्दी दरभाउपत्र आह्वान गरिन्छ । यो सूचना यस कार्यालयको http://www.katarimun.gov.np मा पनि हेर्न सकिनेछ ।

**निम्न**

| सि.न | आय ठेक्का नं. | ठेक्काको विवरण | न्युनतम अंक (**कर वाहेक)** | न्युनतम अंक (**कर सहित**) | दरभाउपत्र फारम दस्तुर |
|---|---|---|---|---|---|
| १. | ०१–२०८१/०८२ | जडिबुटी,कवाडी र जिवजन्तु कर (**वार्षिक**) | १०,००,०००।- | ११,३०,०००।- | १००० |
| २. | ०२– २०८१/०८२ | विज्ञापन कर ( २ वर्ष) | २,००,०००।- | २,२६,०००।- | १००० |

**दरभाउपत्र सम्बन्धि शर्तहरु :**

१. दरभाउपत्र फारम यस कार्यालयबाट पछि फिर्ता नहुने गरी यो सूचना प्रकाशित भएको मिति देखि १५ औं दिन सम्म कार्यालय समय भित्र शिलबन्दी दरभाउपत्र फारम रु १०००।- नगद राजश्व शाखामा दाखिला गरि यस कार्यालयबाट खरिद गर्न सकिने छ र दरभाउपत्र बुझाउँदा यस कार्यालयबाट खरिद भएका दरभाउपत्र १६ औं दिनको १२:०० बजेसम्म यस कार्यालयमा दाखिला गर्न सकिनेछ । दाखिला हुन आएका दरभाउपत्र सोही दिनको २:०० बजे यस कार्यालयमा दरभाउपत्र दाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । दरभाउपत्रदाता वा प्रतिनिधीको उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

२. खरिद भएको शिलबन्दी बोलपत्र फारम कवोल अंकको २.५ प्रतिशत रकम नगदै राष्ट्रिय वाणिज्य बैंक कटारी शाखामा रहेको यस कार्यालयको धरौती खाता नं. २०५०१००३०३००००२ मा दाखिला गरेको सक्कल भौचर वा कम्तिमा ९० दिन म्याद भएको बैंक जमानी पत्र ( BANK BID BOND) संकलन गरी रीत पूर्वक सहि छाँप तथा शिलबन्दी गरि दरभाउपत्र दर्ता आफै वा प्रतिनिधि मार्फत दाखिला गर्न सकिने छ ।

३. जडीवुटी, कवाडी र जीवजन्तु करको ठेक्का अवधी २०८२ असार मसान्त सम्म हुने छ भने विज्ञापन करको ठेक्का अवधि २०८३ आषाढ मसान्त सम्म हुनेछ ।

४. शिलबन्दी दरभाउपत्र स्वीकृत भएपछि कवोल अंकको ५० प्रतिशत रकम रा.ब.बैंक कटारी शाखाको आन्तरिक राजश्व शाखा खाता नं. २०५०१००३०१०१०००२ मा जम्मा गरेपछि मात्र सम्झौता गरी नियमअनुसार चलान पुर्जी दिईनेछ । ठेकेदारले ठेक्का स्वीकृत भएपछि कवोल अंकको १३ प्रतिशत मुल्य अभिवृद्धि करको रकम आन्तरिक राजश्व कार्यालयमा दाखिला गरी सोको प्रमाण नगरपालिकामा पेश गर्नुपर्नेछ । बाँकी दोस्रो किस्ता २०८२ बैशाख सम्ममा बुझाउनु पर्नेछ । साथै बाँकी रकम बराबरको २०८२ असार मसान्त सम्मको बैंक जमानी पत्र ( BANK BID BOND) पेश गर्नुपर्नेछ । विज्ञापन करको हकमा भने सम्झौता वखत एकमुष्ट रकम बुझाउनु पर्नेछ ।

५. करका दरहरु कटारी नगरपालिकाको आर्थिक ऐन २०८१ मा उल्लेख भए बमोजिम हुनेछ । साथै विज्ञापन कर हकमा दोस्रो वर्ष कबोलको १० प्रतिशत वृद्धि हुनेछ भने आ.व. २०८२/८३ को रकम जम्मा गरेपछि मात्र कर्यादेश दिईनेछ । कानुनले निषेध गरेका सामग्रीहरुको विज्ञापन गर्न पाईने छैन ।

६. तोकिएको किस्ता म्याद भित्र नबुझाएमा ठेक्का तोडी बाँकी रहेको किस्ता बैंक ग्यारेन्टीबाट अशुल उपर गरिनेछ । अशुल गर्न बाँकी रकममा १० प्रतिशत थप क्षतीपूर्ती समेत जोडी सरकारी बाँकी सरह अशुल उपर गरिनेछ ।

७. यसमा उल्लेख भएका कुराहरुमा सोही बमोजिम र यसमा उल्लेख नभएका सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली,२०६४ तथा अन्य प्रचलित कानून अनुसार हुनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**